# साना किसान छात्रवृत्ति अन्तर्गत १८ महिने भेटेरिनरी जे.टी.ए. पढाउने प्राविधिक शिक्षालयसँग मूल्यसूची आह्वान गरिएको सूचना

**सूचना प्रकाशन मिति : २०८१/०४/२२**

साना किसान विकास लघुवित्त वित्तीय संस्थाले आफ्ना साझेदार साना किसान कृषि सहकारी संस्थाका सदस्य परिवारका योग्यता पुगेका २५ जना विद्यार्थीहरुलाई **Livestock Producion/Animal Health (LP/AH)** विषयक १८ महिने प्रि-डिप्लोमा (जेटीए) विषयक प्राविधिक शिक्षा अध्ययनको लागि आंशिक छात्रवृतिको रूपमा वार्षिक शुल्क बेहोर्ने भएकोले उक्त विद्यार्थीलाई पढाउन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् **(CTEVT)** बाट सम्बन्धन/स्वीकृति प्राप्त इच्छुक शिक्षालयहरूबाट तपसिल बमोजिम हुने गरी इमेल ठेगाना **training@skbbl.com.np** मा मिति २०८१/०५/०६ गते ५ बजेभित्र मूल्यसूचीसहितको प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१. शिक्षालयले माथि उल्लिखित कोर्षको प्रतिविद्यार्थी एकमुष्ट शुल्क कति लिने हो सो स्पष्ट खुलाउनु पर्नेछ। त्यसबाहेक कुनै पनि अतिरिक्त शुल्क दाबी गर्न पाईने छैन ।

२. प्रदेशगतरुपमा देहाय अनुसार कोटा प्रदान गरिने भएकोले उक्त प्रदेशका शिक्षालयले मूल्यसूची/प्रस्ताव पेश गर्न पाउने छन् ।

| क्र.सं | प्रदेश | कोटा सङ्ख्या बढीमा | वित्तीय संस्थाको शाखा कार्यालयहरु |
|---|---|---|---|
| १ | कोशी र मधेश | ८ | बिर्तामोड, इटहरी बर्दिबास र लहान |
| २ | बागमती र गण्डकी | ८ | काठमाडौं, गजुरी, हेटौंडा र पोखरा |
| ३ | लुम्बिनी, कर्णाली र सुदुर पश्चिम | ९ | बुटवल, नेपालगञ्ज, वीरेन्द्रनगर र अत्तरिया |

नोट : प्रस्ताव नआएको प्रदेशको कोटा अन्य प्रदेशका शिक्षालयलाई थप गरिनेछ ।

३. शिक्षालय छनौट गर्दा शिक्षाको गुणस्तर, भौतिक संरचना, प्रशिक्षकको पर्याप्तता, विगतको परिणाम, सेवाको स्तर, मूल्य र यस वित्तीय संस्थासँग विगतको उत्साहप्रद सहकार्य जस्ता विषयलाइ आधार लिईने छ ।

४. तोकिएको ढाँचाको मूल्यसूची सहितको प्रस्तावका साथ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट सम्बन्धन/स्वीकृति प्राप्त गरेको पत्र, कर चुक्ताको प्रमाणपत्र, संस्थाको सानो परिचय वा प्रोफाईल, सम्भव भए शिक्षकहरुको योग्यता र अनुभव खुलेको सूची, विद्यार्थीको आचारसंहिता, आवश्यक पर्ने कागजातहरुको सूची, भुक्तानी गर्नु पर्ने तरिका, यस वित्तीय संस्थासँग सहकार्य गर्न इच्छुक रहेको बेहोरा खुलेको पत्र र अन्य आवश्यक ठानेको विवरणहरु संलग्न गर्नु पर्नेछ ।

५. प्रस्तावदाता वा निजको प्रतिनिधिहरु उपस्थित भई वा नभई मिति २०८०/०५/७ गते र उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट साना किसान विकास लघुवित्त वित्तीय संस्था लि., केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौंमा प्रस्तावसहितको मूल्यसूचीहरूको मूल्याङ्कन गरिने छ ।

६. कुनै कारण नखुलाई प्रस्तावसहितको मूल्यसूची स्वीकृत गर्ने, आंशिक रूपमा स्वीकृत गर्ने, अस्वीकृत गर्ने वा सबै प्रस्ताव/मूल्यसूची रद्द गर्न सक्ने अधिकार यस वित्तीय संस्थामा रहनेछ ।

७. मूल्यसूचीसहितको प्रस्तावको ढाँचा यस वित्तीय संस्थाको वेबसाइट www.skbbl.com.np बाट डाउनलोड गर्न सकिनेछ ।

## साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, फोन नं.०१-५३२०९१३, Website : www.skbbl.com.np